# विदेह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तिनकौरिया चौक
धनुषा
(प्रशासन शाखा)

पत्र सँख्या:-२०८२।०८३
चलानी नं.:- १०२३

मधेश प्रदेश, नेपाल

मिति : २०८३।०२।२५

श्री सरोकारबाला (सबै)
विदेह नगरपालिका,तिनकौरिया धनुषा ।

**विषय : आ.ब.२०८२/०८३ को भुक्तानी/निकासा तथा खाता बन्द हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० उपनियम १ र उपनियम ७ बमोजिम विनियोजन ऐनले फिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक अन्य सबै प्रकारका भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७(सात) दिन अगाडी भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । उक्त समायमा स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (Sutra System) मा अत्याधिक चापको कारण भुक्तानी कार्यमा समस्या सिर्जना हुने र हाल सबै कारोबार EFT प्रणली बाट भुक्तानी गर्दा समयमै खातामा नजाने समस्या देखिने तथा सम्पूर्ण कर दाखिला गरी संघिय र प्रदेश सरकार लाई फिर्ता गर्नु पर्ने अनुदान रकम फिर्ता गरी सोको भौचर कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्ने,सम्पूर्ण कारोबारको हिसाब मिलान गरी संघिय तथा प्रदेश सरकार लगायतका निकायमा पठाउनुपर्ने व्यवस्था भएको हुँदा यस कार्यालय बाट सम्झौता भई कार्यान्वयनमा रहेको विकास आयोजनाहरु (निर्माण व्यवसायीहरु/उपभोक्ता समितिहरु) वडा कार्यालयहरु तथा विषयगत शाखा/एकाईहरुले आ.ब.२०८२/०८३ मा भुक्तनीका लागी पेश गरिने सम्पूर्ण कागजातहरुको कानूनी रित पुरा गरी मिति २०८३ अषाढ १५ गते भित्र पेश गरि दर्ता गर्नुहुन अनुरोध छ । तोकिएको समय सिमाभित्र कार्यालयमा भुक्तानीको लागि कागजात पेश नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

.............
संजिब कुमार प्रसाद साह
(लेखा अधिकृत)

.............
टोलराज उपध्यया
उपसचिव
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री नगर प्रमुख ज्यू : अवगतार्थ
श्री उप प्रमुख ज्यू : अवगतार्थ
श्री सूचना प्रविधि शाखा : website मा अपलोड गर्नुहुन र सूचना प्रवाह गर्नुहुन ।

Email : ito.bidehamun@gmail.com , info@bidehamun.gov.np Website : www.bidehamun.gov.np

CamScanner